त्रिभुवन विश्वविद्यालय

# परीक्षा नियन्त्रण कार्यालय,बल्खु

## ३ वर्षे स्नातक तह दोस्रो वर्षको मौका परीक्षा दिने परीक्षार्थीहरूलाई परीक्षा आवेदन फारम भर्ने सूचना

त्रिभुवन विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालय, बल्खुद्वारा २०७४ सालमा लिईने मौका परीक्षाका लागि २०५८ सालमा प्रथम बर्षमा क्याम्पस भर्ना भई २०५९ सालमा प्रथम बर्ष पहिलो पटक परीक्षा दिइ ७ वर्ष नाघी उत्तिर्ण हुन नसकेका र प्राइभेटका हकमा २०५९ सालमा प्रथम बर्ष पहिलो पटक परीक्षा दिइ ७ वर्षे अवधि नाघेर उत्तिर्ण हुन नसकेका (२०६८ सालमा दोस्रो वर्षको परीक्षा पहिलो पटक दिएका सम्म) मानविकी, कानून,व्यवस्थापन, विज्ञान र शिक्षा शास्त्र तर्फका आंशिक परीक्षा दिने ३ बर्षे स्नातक तह दोस्रो वर्षका परीक्षार्थीहरुलाई २०७४ सालमा अन्तिम पटकका लागि मौका परीक्षा दिलाउने निर्णय त्रि.वि ले गरेकोले त्यस्ता क्याम्पसका परीक्षार्थीहरुले आ-आफ्नो क्याम्पसमा र प्राइभेट परीक्षार्थीहरुले सम्वन्धित परीक्षा नियन्त्रण कार्यालयमा मिति २०७४ जेष्ठ ०४ गते सम्ममा परीक्षा आवेदन फारम भरि बुझाउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**३ वर्षे स्नातक तह दोस्रो वर्षको मौका परीक्षाको हकमा :**

**परीक्षा शुल्क**

| | |
|---|---|
| क) क्याम्पसका परीक्षार्थीका लागि शुल्क | रु. ५५०/- |
| ख) प्राईभेट परीक्षार्थीका लागि शुल्क | रु. १२००/- |
| ग) परीक्षा आवेदन फारम शुल्क | रु. १००/- |
| घ) परीक्षा केन्द शुल्क | रु. १५०/- |
| ङ) प्रयोगात्मक परीक्षा एक विषयका लागि शुल्क | रु. ३००/- |
| र सो भन्दा बढी विषयका लागि | रु. ५००/- |
| च) फिल्ड वर्क, टर्म पेपर र प्रोजेक्ट वर्क शुल्क | रु. ३५०/- |

## अन्य नियमका हकमा तल उल्लिखित ३/४ वर्षे स्नातक तह दोस्रो वर्षको अनुसार नै हुनेछ ।

**३ /४ वर्षे स्नातक तह दोश्रो बर्षको परीक्षा आवेदन फारम भर्ने सूचना**

त्रिभुवन विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालय, बल्खुद्वारा सञ्चालन हुने २०७४ सालको वार्षिक परीक्षा प्रणाली अनुसार ३ /४ बर्षे स्नातक तह दोश्रो बर्षका मानविकी, व्यवस्थापन, विज्ञान, शिक्षा शास्त्र र कानून संकाय तर्फका नियमित तथा प्राइभेट र पुरा तथा आंशिक परीक्षा दिने क्याम्पसका परीक्षार्थीहरुले आ-आफ्नो क्याम्पसमा र प्राइभेट परीक्षार्थीहरुले सोझै यस कार्यालय वा आफूलाई पायक पर्ने सम्वन्धित क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालयमा मिति २०७४ जेष्ठ ०४ गते सम्ममा परीक्षा आवेदन फारम भरि बुझाउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**१) परीक्षा दिन पाइने योग्यता :**

२०६८ सालमा प्रथम पटक दोस्रो वर्षको परीक्षा आवेदन फारम भरेका वा परीक्षा दिनेहरुको लागि यो अन्तिम पटकको परीक्षा हुनेछ ।

**२) विषय छनौट सम्बन्धमा :**

परीक्षा आवेदन फारममा त्रि.बि.अन्तर्गतका नियमहरु तथा पाठ्यक्रमले तोके बमोजिम (क्याम्पसले स्वीकृत पाएका विषयमा मात्र) विषयहरुमा मात्र भर्नु /भराउनु पर्नेछ र परीक्षा पनि सोही अनुसार दिनुपर्नेछ । यसमा अन्यथा हुन गइ परीक्षा रद्द भएमा वा ट्रान्सक्रीप्ट लिनबाट बञ्चित भएमा परीक्षार्थी वा क्याम्पस स्वयं जिम्मेवार हुनुपर्नेछ ।

**३) परीक्षा आवेदन फारम भर्दा र भराउदा अनिवार्य रुपले ध्यान दिनुपर्ने कुराहरु:**

क) परीक्षा आवेदन फारम स्वयं विद्यार्थीले भरि सबै प्रकृया पुऱ्याई आफैले सम्बन्धित कार्यालयमा बुझाउनु पर्नेछ । यसमा अन्यथा हुन गएमा त्रि.बि.प.नि.का जवाफदेही हुने छैन ।

ख) क्याम्पसका आंशिक परीक्षार्थीहरु र प्राइभेट तर्फका आंशिक परीक्षार्थीहरुले गतवर्षको रो.नं. र परीक्षा वर्ष परीक्षा आवेदन फारमको शिरमा वा फारम पछाडि निर्दिष्ट स्थानमा अनिवार्य रुपले उल्लेख गर्नु/गराउनु पर्नेछ ।

ग) क्याम्पसका नियमित परीक्षार्थीहरु र प्राइभेट तर्फका प्रथम पटक दोश्रो वर्षको परीक्षा दिने परीक्षार्थीहरुले गतवर्ष दिएको प्रथम वर्षको परीक्षाको रो.नं. र परीक्षा बर्ष परीक्षा आवेदन फारमको शिरमा वा फारम पछाडि निर्दिष्ट स्थानमा अनिवार्य रुपले उल्लेख गर्नु/गराउनु पर्नेछ ।

**४) परीक्षार्थीको परीक्षा आवेदन फारम क्याम्पसले यस कार्यालयमा बुझाउनु अगाडि अनिवार्य रुपमा ध्यान दिनुपर्ने कुराहरु:-**

क) विद्यार्थीले भरेका प्रत्येक परीक्षा आवेदन फारम र फोटोमा समेत पर्ने गरेर क्याम्पस प्रमुखले अनिवार्य रुपमा दस्तखत गर्नुपर्नेछ ।

ख) ३ वर्षे र ४ वर्षे स्नातक तह दोश्रो वर्षको परीक्षार्थीहरुको परीक्षा आवेदन फारम बुझाउन ल्याउँदा ३ वर्षेको पूरा र आंशिकको छुट्टा–छुट्टै फाइल गरी विवरण सहित सम्बन्धित कार्यालयमा बुझाउनु पर्नेछ र ४ वर्षेको पनि सोही अनुसार पूरा र आंशिकको छुट्टा–छुट्टै फाइल गरी विवरण सहित सम्बन्धित कार्यालयमा बुझाउनु पर्नेछ ।

ग) परीक्षा आवेदन फारम बुझाउँदा तह, वर्ष, आंशिक वा पूरा के हो प्रष्ट छुट्टीने गरी सम्पूर्ण विद्यार्थी विवरण लगायत विषयगत तथ्याङ्क (Subject Wise Data) को CD मा कपी गरी (संकायगत) बुझाउनु पर्ने र सोको प्रिन्ट समेत छुट्टा–छुट्टै फाइल गरी यस कार्यालयमा अनिवार्य रुपमा बुझाउनु पर्नेछ ।

घ) परीक्षा आवेदन फारम पठाउँदा सम्बन्धित क्याम्पसका परीक्षार्थीहरुबाट उठाइएका परीक्षा शुल्क, केन्द्र शुल्क, प्रयोगात्मक परीक्षा शुल्क र परीक्षा आवेदन फारम शुल्क आदिको कोलम बनाई हिसाब गरी संकायगतरुपमा भिन्नाभिन्नै पत्रका साथ छुट्टा–छुट्टै फाईल गरी पठाउनु पर्नेछ । अन्यथा परीक्षा फारम स्विकृत हुने छैन ।

**५) प्राइभेट परीक्षार्थीहरुले याद राख्नुपर्ने कुराहरु :**

क) आंशिक परीक्षाको लागि फारम भर्नेले गत बर्षको सोही तह र खण्डको सक्कल लब्धाङ्क पत्र परीक्षा फारम साथै पेश गर्नुपर्नेछ ।

ख) प्रथम पटक दोश्रो वर्षको प्राइभेट परीक्षा दिनेले गतवर्ष प्रथम खण्ड परीक्षा दिएको सक्कल लब्धांक पत्र अनिवार्यरुपमा फारम साथै पेश गर्नुपर्नेछ ।

ग) आफूलाई पायक पर्ने निम्न लिखित त्रि.वि.प.नि.का. का क्षेत्रीय कार्यालयमा पनि सम्पर्क राखी प्राइभेट परीर्क्षीहरुले परीक्षा आवेदन फारम भरि बुझाउन सक्नेछन् ।

१. पूर्वाञ्चल क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालय - कञ्चनबारी, विराटनगर ।
२. पश्चिमाञ्चल क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालय - पृथ्वीनारायण ब. क्याम्पस भवन, पोखरा ।
३. मध्यपश्चिमाञ्चल क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालय - भृकुटीनगर, नेपालगंज ।
४. सुदूर पश्चिमाञ्चल क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालय - अत्तरिया, कैलाली ।

**६) परीक्षा शुल्क :**

| | |
|---|---|
| क) नियमित (पूरा तथा आंशिक) परीक्षार्थीका लागि प्रति खण्ड शुल्क | रु. ४७०/- |
| ख) प्राईभेट (पूरा तथा आंशिक) परीक्षार्थीका लागि प्रति खण्ड शुल्क | रु. ९००/- |
| ग) परीक्षा आवेदन फारम शुल्क | रु. ६०/- |
| घ) परीक्षा केन्द्र शुल्क प्रति खण्ड | रु. १००/- |
| ङ) प्रयोगात्मक परीक्षा प्रति खण्ड एक विषयका लागि शुल्क | रु. १५०/- |
| च) दुई वा सो भन्दा बढी विषयका लागि प्रयोगात्मक परीक्षा शुल्क | रु. २७५/- |
| छ) फिल्ड वर्क, टर्म पेपर र प्रोजेक्ट वर्क शुल्क | रु. २७५/- |

**७) परीक्षा आवेदन फारम भर्ने म्याद सम्बन्धमा :**

१. त्रि.वि. प्राज्ञिक परिषद्को मिति २०७० चैत्र १३ गते बसेको बैठकले परीक्षा फारम भर्ने समयावधि ३० (तीस) दिन र दोब्बर दस्तुर लिई थप ७ (सात) दिनभित्र परीक्षा आवेदन फारम बुझिलिने निर्णय गरेकोले सो कुरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचनामा प्रकाशित गरिएको छ ।

२. क्याम्पसका हकमा :

क) २०७४ साल जेष्ठ ०७ गते भित्र नै परीक्षा दस्तुर रकम बुझाएको बैंक भौचर/ड्राफ्ट अनिवार्य बझाउनु पर्नेछ र उक्त भौचर/ड्राफ्ट बनाएको २ दिन भित्र उपत्यकाभित्रका क्याम्पसहरुले अनिवार्य रुपमा त्रि.बि.प.नि.का. बल्खुमा परीक्षा आवेदन फारम बुझाई सक्नुपर्नेछ ।

ख) काठमाडौं उपत्यका बाहिरका क्याम्पसहरुले पनि २०७४ साल जेष्ठ १२ गते भित्र परीक्षा दस्तुर रकम बुझाएको बैंक भौचर/ड्राफ्ट बनाई सक्नुपर्नेछ र ४ दिनभित्र परीक्षा आवेदन फारम उक्त भौचर/ड्राफ्ट सहित सम्बन्धित क्षे.प.नि.का.मा अनिवार्य रुपमा बुझाई सक्नुपर्नेछ ।

ग) क्याम्पसहरुले दोब्बर दस्तुरको म्याद सकिएको भोलिपल्टै परीक्षा शुल्कको बैंक भौचर/ड्राफ्ट बनाई उपत्यकाभित्रका क्याम्पसहरुले २ दिन भित्र र उपत्यका बाहिरका क्याम्पसहरुले ४ दिनभित्र अनिवार्यरुपमा सम्बन्धित परीक्षा नियन्त्रण कार्यालयमा परीक्षा आवेदन फारम बुझाइ सक्नुपर्नेछ ।

**३) म्याद सकिएको ७ दिनभित्र दोब्बर दस्तुर लिई फारम बुझिनेछ तर अगाडिका परीक्षाहरुमा झै पुन : २/३ दिनको म्याद दिने प्रावधान पूर्णरुपमा हटाईएकोले तोकिएको म्यादभित्र फारम बुझाईसक्नु हुन सम्बन्धित सबैलाई विशेष जानकारी गराइएको छ ।**

**८) परीक्षा शुल्क बुझाउने सम्बन्धमा :**

क) काठमाण्डौ उपत्यका भित्रका क्याम्पस र प्राइभेट परीक्षार्थीहरुले त्रि.बि.कीर्तिपुर/बल्खु परिसर भित्र रहेको ग्लोबल बैंक लिमिटेडको आम्दानी खाता नं. ०५०१०१०००००७६ मा परीक्षा सम्बन्धी शुल्कहरु जम्मा गरी सोको भौचर सहित परीक्षा फारम यस कार्यालयमा बुझाउनुपर्नेछ ।

ख) काठमाडौ उपत्यका बाहिरका क्याम्पस र प्राइभेट परीक्षार्थीहरुले कीर्तिपुर स्थित ग्लोबल बैंक लि. कीर्तिपुर शाखाबाट अथवा काठमाडौ उपत्यका भित्रका कुनै पनि बैंकबाट भुक्तानी पाउने गरी त्रि.वि. परीक्षा नियन्त्रण कार्यालयको नाममा डिमाण्ड ड्राफ्ट बनाई फारम साथै पेश गर्नुपर्नेछ ।

ग) पूर्वाञ्चल क्षेत्रका क्याम्पस तथा प्राइभेट परिक्षार्थीहरुले परीक्षा सम्बन्धी सम्पूर्ण शुल्क त्रि.वि क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालय, पूर्वाञ्चलको च. हि.नं. १३२३ नेपाल बैंक लिमिटेड, बजारअड्डा शाखा, विराटनगरमा रकम बुझाएको भौचर परीक्षा आवेदन फारम साथै अनिवार्य रुपमा बुझाउनु पर्नेछ ।

घ) मध्यपश्चिमाञ्चल क्षेत्रका क्याम्पस तथा प्राइभेट परिक्षार्थीहरुले परीक्षा सम्बन्धी सम्पूर्ण शुल्क त्रि.वि क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालय, नेपालगंजको च. हि.नं. २१०१०१०००००७६ ग्लोबल आई.एम.ई बैंक लि. त्रिभुवनचोक नेपालगंज शाखामा रकम बुझाएको भौचर परीक्षा आवेदन फारम साथै अनिवार्य रुपमा बुझाउनु पर्नेछ ।

**९) परीक्षा केन्द्र:**

क) नियमित परीक्षार्थीहरुका लागि परीक्षा केन्द्र यस कार्यालयले तोके बमोजिम मात्र हुनेछ ।

ख) प्राइभेट परीक्षार्थीहरुका लागि निम्न लिखित परीक्षा केन्द्रहरु तोकिएका छन् । परीक्षा आवेदन फारम ती केन्द्रहरुबाट पनि नि:शुल्क प्राप्त गर्न सकिनेछ । तर फारम सम्बन्धी सम्पूर्ण शुल्क फारम साथै सम्बन्धित परीक्षा नियन्त्रण कार्यालयमा बुझाउनु पर्नेछ ।

**ग) प्राइभेट परीक्षार्थीहरुका लागि परीक्षा केन्द्रहरु:**

| सि.नं. | परीक्षा केन्द्र | परीक्षा आवेदन फारम प्राप्त हुने स्थान | सि.नं. | परीक्षा केन्द्र | परीक्षा आवेदन फारम प्राप्त हुने स्थान |
|---|---|---|---|---|---|
| १. | इलाम | महेन्द्ररत्न ब. क्याम्पस, इलाम | २. | भद्रपुर | मेची ब. क्याम्पस, भद्रपुर |
| ३. | धरान | महेन्द्र ब. क्याम्पस, धरान | ४. | धनकुटा | धनकुटा ब. क्याम्पस, धनकुटा |
| ५. | भोजपुर | भोजपुर ब. क्याम्पस, भोजपुर | ६. | विराटनगर | म.मो.आ.ब. क्याम्पस, विराटनगर |
| ७. | राजविराज | महेन्द्र विन्देश्वरी ब. क्याम्पस, राजविराज | ८. | जनकपुर | रामस्वरुप रामसागर ब. क्याम्पस, जनकपुर |
| ९. | पोखरा | पृथ्वीनारायण क्याम्पस, पोखरा | १०. | भरतपुर | वीरेन्द्र ब. क्याम्पस, भरतपुर |
| ११. | पाल्पा | त्रिभुवन ब. क्याम्पस, पाल्पा | १२. | बाग्लुङ्ग | धवलागिरी ब. क्याम्पस, बाग्लुङ्ग |
| १३. | नेपालगंज | महेन्द्र ब. क्याम्पस, नेपालगंज | १४. | भैरहवा | भैरहवा ब. क्याम्पस, भैरहवा |
| १५. | डोटी | डोटी ब. क्याम्पस, डोटी | १६. | दाङ्ग | महेन्द्र ब. क्याम्पस, दाङ्ग |
| १७. | महेन्द्रनगर | सिद्धनाथ विज्ञान क्याम्पस, महेन्द्रनगर | १८. | काठमाण्डौ | परीक्षा नियन्त्रण कार्यालय, बल्खु |

**१०) परीक्षा केन्द्र परिवर्तन सम्बन्धमा:**

त्रि.वि.को निर्णयानुसार परीक्षा केन्द्र परिवर्तन सम्बन्धी प्रावधान हटाइएको छ ।

**११) परीक्षार्थीको फोटो सम्बन्धमा:**

क) परीक्षा आवेदन फारम भर्नको लागि हालसालै खिचेको पासपोर्ट साइजको २ प्रति फोटो आवश्यक पर्नेछ ।

ख) प्रवेश पत्र प्रतिलिपी लिनु परेमा परीक्षा आवेदन फारममा प्रयोग भए अनुसारको फोटो नै पेश गर्नुपर्नेछ ।

**१२) परीक्षा दिन पाउने अवधि सम्बन्धमा:**

त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषद्बाट पारित निर्णय नं. १२३ बमोजिम ३ बर्षे शैक्षिक कार्यक्रमका विद्यार्थीहरुले पहिलो पटक परीक्षामा सम्मिलित (परीक्षा फारम भरेको) भएको बर्षबाट ७ (सात) बर्ष भित्र पाठ्यक्रमले तह पुरा गर्न तोकेको सम्पूर्ण आवश्यकताहरु पुरा गरिसक्नु पर्नेछ ।

**१३) सेवा शुल्क सम्बन्धमा:**

त्रि.वि. बाट सम्बन्धन प्राप्त क्याम्पसहरुले त्रि.वि. लाई बार्षिक शुल्क बुझाउँदा विद्यार्थी संख्याको अनुपात र बुझाएको शुल्क पुष्टि हुने विवरण सहित उक्त सेवा शुल्क बुझाएको भर्पाईको प्रतिलिपी परीक्षा आवेदन फारम साथै अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

**१४) समयावधि थप सम्बन्धमा:**

२०६५ पौष १४ गते बसेको त्रि.वि. सभाको बैठकबाट पारित भए बमोजिम "कुनै परीक्षार्थी दृष्टिविहीन, सुस्त मनस्थिति भएका वा हात सम्बन्धी गम्भीर रोगको कारणले गर्दा हातले लेख्न नसक्ने प्रमाणित भै नियम २६७ बमोजिम सहयोगी लेखकद्वारा परीक्षा दिने भएमा आधिकारीक निकायबाट दिईएको अपाङ्गता परिचय पत्र वा चिकित्सकद्वारा प्रमाणितपत्रको आधारमा १०० पूर्णाङ्कको लागि १ घण्टा र सो भन्दा घटी पूर्णाङ्कको लागि आधा घण्टा समयावधि थप गरिनेछ । "

**१५) प्रयोगात्मक परीक्षा सम्बन्धमा:**

क) बाह्य सुपरीवेक्षक (प्रयोगात्मक परीक्षामा जाने बाह्य पर्यवेक्षक) लाई आंगिक क्याम्पसमा सुपरीवेक्षण गर्न जाँदा लाग्ने भ्रमण भत्ता, दैनिक भत्ता तथा बास खर्च (आन्तरिक श्रोतबाट खर्च व्यहोर्ने गरी संचालित कार्यक्रमहरुमा) सम्बन्धित क्याम्पसले नै व्यहोर्नु पर्नेछ ।

ख) बाह्य सुपरीवेक्षक (प्रयोगात्मक परीक्षामा जाने बाह्य पर्यवेक्षक) लाई सम्बन्धन प्राप्त क्याम्पसको सन्दर्भमा दैनिक भत्ता, भ्रमण भत्ता तथा बास खर्च लगायत आन्तरिक र बाह्य सुपरीवेक्षकलाई दिने सम्पूर्ण पारिश्रमिक सम्बन्धित क्याम्पसले नै व्यहोर्नु पर्नेछ ।

**द्रष्टब्य:** एयर डकुमेन्ट, हुलाक वा कुरीयरद्धारा पठाइएका फारमहरु यस कार्यालय कुनै पनि हालतमा बुझ्ने छैन ।

**पशुपति ब. क्याम्पसका एम.वी.एस प्रथम वर्षको परीक्षा दिने परीक्षार्थीहरुलाई अत्यन्त जरुरी सूचना**

त्रिभुवन विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालय, बल्खुद्वारा २०७३ **चैत्र २९** गतेको गोरखापत्रमा प्रकाशित परीक्षा केन्द्र सम्बन्धी सूचनामा पशुपति ब. क्याम्पसका एम.वी.एस प्रथम वर्षको परीक्षा केन्द्र **अक्सवृज इन्टरनेशनल (उ.मा.वि) कलेज,** महालक्ष्मीस्थान हुनु पर्नेमा अन्यथा भएकोले सच्याइएको छ ।

परीक्षा नियन्त्रक